# आठराई गाउँपालिकोे वन ऐन २०७७

# स्थानीय राजपत्र

**भाग-१**

खण्डः ४ संख्याः ०३ मितिः २०७७/०९/२९

**आठराई गाउँपालिका**
**संक्रान्तिबजार तेह्रथुम**

गाउँसभावाट पारित मिति २०७७।०९।२९

प्रस्तावनाः

गाउँपालिका क्षेत्र भित्र रहेका बन क्षेत्रको दिगो व्यवस्थापन र संरक्षणमा समुदायताई जिम्मेवारी बनाउदै बन श्रोतवाट अधिकतम लाभ हासिल गर्दै साभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय समुदायको सामाजिक, आर्थिक, पर्यावरणीय साथै भौतिक लगायतका विकासको क्षेत्रमा महत्वपूर्ण योगदान र आर्थिक सम्बृद्धी एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न बनको व्यवस्थापन तथा उपयोग सम्वन्धि आवश्यक कानूनी व्यवस्था गर्न बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी, आठराइ गाउँपालिकाको स्थापनाको ४ औं वर्षमा गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यस ऐनको नाम आठराइ गाउँपालिकाको बन सम्बन्धी ऐन, २०७७ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : -

विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) “अधिकारवाला” भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति परिवार या समुदाय समेतलाई सम्भन्नु पर्छ ।

(ख) “अन्य समुदाय” भन्नाले सामुदायिक वनवबाट प्राप्त हुने वनपैदवार आफ्नो घर परिवारको जीविको पार्जनको लागि कुनै न कुनै रुपले सदुपयोग गर्दै आईरहेको, वन पैदवारको लागि त्यस्तो बनक्षेत्रवाट आश्रित एवं लाभान्वित भौगोलिक रूपमा बन क्षेत्रदेखि टाढा रहेको घर, परिवार र समुदायलाई सम्भन्नु पर्दछ।

(ग) ‘‘उद्योग” भन्नाले लघु, घरेलू, साना, मभ्कउला र ठूला उद्योग सम्भन्नु पर्छ ।

(घ) ‘‘परम्परागत रूपमा संरक्षण, भोगचलन” भन्नाले पुस्तौ पुस्तादेखी परम्परागत ज्ञान सीप र विधिबाट बनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो बनवाट प्राप्त हुने बन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरररतरताताई सम्भन्नु पर्छ।

(ङ) “तोकिएको वा तोकिए बमोजिम”भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्भन्नु पर्दछ ।

(च) “गाउँपालिका ”भन्नासे आठराई गाउँपालिका सम्भन्नु पर्दछ ।

(छ) “गाउँ बन परिषद” भन्नाले दफा २१ बमोजिम गठन हुने बन अधिकार संरक्षण परिषद्लाई सम्झनुपर्दछ ।

(ज) “परम्परागत उपभोक्ता” भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि  स्थानीय

रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसारआफ्नै मौलिक विधि र प्रकृयावाट निश्चित बनक्षेत्र उपभोग गर्दैआएका समुदायलाई सम्झनुपर्दछ ।

(झ) “परम्परागत जीवन पद्धति” भन्नाले परापूर्व कालदेखि मौलिक परम्परा, पेशा र अभ्यासको आधारमा जीवनयापन गर्ने मौलिक जीवनशैली वा अभ्यासलाई सम्झनु पर्दछ ।

(ञ) “परम्परागत रूपमा संरक्षण, भोगचलन” भन्नाले पुस्तौ पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट बनको व्यवस्थापन ,सरक्षण, विकास तथा त्यस्तो बनवाट प्राप्त हुने बन पैदाबारहरूको सदुपयोग वा भोगवलनको निरन्तरतालाई सम्झनु पर्दछ ।

(ट) “पारिवारिक निजी वन” भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको बनलाई सम्झनु पर्दछ ।

(ठ) “प्राकृतिक श्रोत साधन” भन्नाले जल, जमीन, जंगल, वन्यजन्तु, खनिज ,जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ।

(ड) “वन” भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक बन, सहरी बन, ग्रामीण बन, कृषि बन, वृक्षारोपण, सीमसार क्षेत्र, प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक-निजी वन समेतलाई सम्झनु पर्छ।

(ढ) “वन अधिकार” भन्नाले परिच्छेद २ मा उल्लेखित बनसम्बन्धी अधिकारलाई सम्झनु पर्छ।

(ण) “बनमाथिकों पहुँच ”भन्नाले बनको संरक्षण र व्यवस्थापनमा सहभागि हुने र निर्णय लिने, बनवाट प्राप्त हुने वनपैदावारलाई प्राप्त गर्ने, सदुपयोग  वा भोगचलन गर्ने, बनक्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ ।

(त) “यन पैदावार“ भन्नाले बनमा रहेको वा पाइएको वा बनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली वा रुख, पात, फल, फूल, मौवा, चिराइतो ,च्याउ र सबै प्रकारका जङगली जडीबूटी, बनस्पती तथा तीनकाबिभिन्न भाग वा  अंग वा  चट्टान, माटो, ढंगा , गिट्टी ,बालुंवा, पशुपन्छी, बन्यजन्तु र पशुपन्छी वा बन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ।

(थ) “वन क्षेत्र” भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलितकानूनले अन्यथा व्यवस्था गरेको बाहेकको बन सिमाना लगाइएको वा नलगाइएको बनले घेरिएको वा बनभित्र रहेको घाँसे मैदान, नांगो पहाड, बाटो ,पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ।

(द)“वनमाथिको स्वामित्व ”भन्नाले परम्परागतरूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको बनक्षेत्र माथि त्यस्तो बनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित लगायतका उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित बनदेखि  टाढाका समुदायलाई त्यस्तो बनक्षेत्रको

निरन्तररूपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउने गरी प्राप्त हुने त्यस्तो बनक्षेत्र माथिको समुदायको सामुहिक स्वामित्वलाई सम्झनुपर्छ।

(ध) "वनश्रोत' भन्नाले कुनैपनि व्यवहारिक, व्यावसायीक, सामाजिक, धार्मिक,मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी वा सामुदायिकवनमा रहेको बनस्पति ,जीव र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानवीय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउने छ।

(न) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिक प्रणाली बाट प्राप्त हुने तपशिल बमोजिमको सेवा तथा लाभ सम्झनु पर्छ ।

१. कार्बन

२.जैविक विविधताको संरक्षण

३ जलचक्र प्रणाली

४.पर्यापर्यटन

५.तोकिए बमोजिमको अन्य लाभ

(प)"स्थानीय समुदाय " भन्नाले बनक्षेत्रसंग सीमाना जोडिएको बनक्षेत्रवाट आश्रीत एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ।

(फ) "सम्बन्धित अधिकारी "भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्दछ।

(ब) "सामुदायिक बन" भन्नाले संघीय बन ऐन २०७६ द्वारा व्यवस्थापन गरेको बन लगायत कबुलियती बन, धार्मिक बन, परम्परागत विधि बाट संरक्षण र ब्यवस्थापन गर्दै आएको बन र अन्य समुदायमा आधारित बन समेतलाई सम्झनु पर्छ ।

(भ) "सामुदायिक बनको स्वामित्व" भन्नाले बनको हैसियत नखस्किने गरी संरक्षण, व्यवस्थापन र लाभ प्राप्त गर्ने गरी समुदायले प्राप्त गर्ने वनमाथिको समुदायको सामूहिक स्वामित्वलाई जनाउने छ।

(म) "सामुदायिक बन उपभोक्ता समूह"भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धित वन क्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समूहलाई सम्झनु पर्छ ।

(य) "सामुदायिक बन उपभोक्ता समिति" भन्नाले समुदायिक बन उपभोक्ता समूहंको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउने छ ।

परिच्छेद २

सामुदायिक वनको स्वामित्व, वन अधिकार र दायित्व

### ३. सामुदायिक बनको रूपमा स्वामित्व प्राप्त गर्नेः

(१)परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको राष्ट्रिय बनको कुनै भाग तोकिए वमोजिम सामुदायिक बनको रूपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो बनको दिगो बन व्यवस्थापन गर्ने अधिकार स्थानीय समुदायलाई हुनेछ।

(क) (२) उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्व सूसुचित मञ्जुरीबिना सामुदायिक बन वा अन्य कुनै प्रयोजनको लागि स्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाउने छैन ।

(ख) (३) उपदफा (१) बमोजिमको बन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय समुदायको पूर्व स्विकृति र आम सहमतिमा गाउँपालिकाले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै बाधा पुगेको मानिने छैन ।

(ग) (४) उपदफा (३) बमोजिम सामुदायिक वनलाई अन्य प्रयोजनको लागि प्रयोगमा ल्याउँदा सम्बन्धित समुदायलाई पर्न गएको सामाजिक, आर्थिक, भौतिक, जैविक विविधताको क्षेति समेतको विचार गरी उचित क्षेतिपूर्ति दिनु पर्नेछ ।

### **४ सामुदायिक बनमा स्थानीय समुदायको अधिकारः**

(१) सामुदायिक वनमा सामुदायिक रूपमा स्थानीय समुदायले देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन् ।

(घ) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, संम्बर्दन ,प्रवर्धन, बनपैदाबरको विकास  र उपयोग गर्नका लागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने ।

(ङ) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने,

(च) बन क्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान लगायत प्राकृतिक श्रोत साधन र बनपैदाबारहरू प्राप्त गर्ने, समुदायले नियम बनाई तोकेकोमा बाहेक विना अवरोध बनक्षेत्रमा आवत जावत गर्ने बनक्षेत्रमा व्यवस्थित चरीचरण गर्ने,

(छ) सामुदायिक बनवाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायको दैनिक आधारभूत आवश्यकता पुरा गर्ने र बढी भएका बनपैदावारको स्वतंत्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

(ज) सामुदायिक बनक्षेत्र भित्रको खोला, पानीको मुहान कार्बन संचितीकरण तथा

भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभ आठराइ गाउँपालिका  महासंघ र स्थानीय सरकारको समन्वय मा  प्राप्त गर्ने,

(झ) वनश्रोतको उपयोगबाट  स्थानीय समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवा पुर्याउने र सामुदायिक विकास गर्ने,

(ञ) बनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(ट) सामुदायिक वनलाई निरन्तर रूपमा सामुदायिक बनकै रूपमा संरक्षण, व्यवस्थापन र निरन्तरता दिन पाउने,

(ठ) सामुदायिक वनको व्यवस्थापनको लागि सामुदायिक बन उपभोक्तासमूह,

सामुदायिक बन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू

गठन गर्ने र त्यस्तो समिति उपसमितिको कामकर्तव्य र अधिकारहरू तोक्ने

(ड) सामुदायिक वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना बनाईलागू गर्ने गराउने,

(ढ) वन व्यवस्थापन र अन्य कार्यहरूबाट प्राप्त हुने लाभ प्राप्त गर्ने र त्यस्तो लाभ बनको विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित उत्थान,स्वास्थ्य, शिक्षा, कृषि क्षेत्र लगायतका आर्थिक सामाजिक रूपमा पिछडिएको समुदायको क्षमता विकास, युवा तथा बालबालिकाको उत्थान स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाड  र  प्रयोग गर्ने,

(ण) तर, स्थानीय समुदायको निर्णयले त्यस्तो लाभ सामुदायिक बन व्यवस्थापन समूहहरू सामुदायिक बन उपभोक्ता महासंघको संस्थागत तथा पैरवी क्षमता विकासमा समेत खर्च गर्न सक्नेछन्।

(त) (ङ) बन संरक्षण, विकास र व्यवस्थापनका लागि गाउँपालिका, प्रादेशीक सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यकम सचालन गर्ने,

(थ) (च) उपभोक्ता समूहले आवश्यकता अनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदान लिन सक्ने,

(द) (छ) बनको व्यवस्थापन, संरक्षण , समुदायको सामुदायिक लाभ र

जीविकोपार्जनमा सहयोग पुऱ्याउने कार्यको लागि सामुदायिक बन क्षेत्र या सामुदायिक वनको दर्ता प्रमाणपत्र, बन पैदावर, वनश्रोत,वन कार्ययोजना, उपभोक्ताले बनमा उत्पादन गरेको उत्पादन, बनमा आधारित उपभोक्ता

समूहले संचालन गरेको उद्योग आदिलाई आठराई गाउँपालिकाको शिफारिसमा बैंक वा वित्तीय संस्थामा धितो सुरक्षण राखी आवश्यक ऋण लिई दीगो बन व्यवस्थापन र बन उद्यमको विकास गर्ने,

(ध) (ज) बनसंग सम्बन्धित परम्परागत पेशा, अभ्यास ,अनुभव ,ज्ञान, सीप,दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीरण र बजारीकरणका लागि चाहिने वन पैदावरजन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित बस्तुलाई उपभोग गर्ने र बजारमा विक्रि वितरण गरी लाभ प्राप्त गर्ने,

(न) (झ) बनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविको पार्जनमा टेवा पुऱ्याउने पर्यावरण, कृषि बन, पशुपालन, बन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता बन उद्यम सम्बन्धी कृयाकलापहरू संचालन गरी लाभ प्राप्त गर्ने,

(प) (ञ) बनको दीगो व्यवस्थापनद्वारा बन क्षेत्रको उत्पादकत्वमा बृद्धि गर्दै सामुदायिक बनक्षेत्रमा काठ र गैर काठजन्य बनपैदाबारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठुला खाले उद्यम समुदाय आफैले वा तेस्रो पक्षसंग सम्झौता गरी संचालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दिगो संरक्षण र व्यवस्थापनको साथै स्थानीय समुदायको आर्थिक उन्नतीमा टेवा पुऱ्याउने,

(फ) गाउँपालिकाको स्वीकृतीमा सामुदायिक बनश्रोतको शुल्क निर्धारण गरी असुल उपर गर्ने शुल्क छुट वा मिनाहा दिने,

(ब) बनको हैसियतमा नकारात्मक असर नपुग्ने गरि वनश्रोतको पूर्णरूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं बन उद्यम विकास गर्ने र त्यस्तो निर्णय लिने,

(भ) वनको भौगोलीक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वनकार्ययोजनामा तोकिए बमोजिम बन सम्वर्धन (गोडमेल, हाँगा काटछाछ, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई बन विकास र संरक्षण गर्ने,

(म) सामुदायिक बनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवं जैविक विविधता संरक्षण, भूदृश्य-सौन्दर्य तथा कार्बन -संचिति जस्ता बातावरपीय

सेवाहरूको संभावनाको खोजी गरी वातावरणीय सेवासुविधाको उपयोग गरेर आय-आर्जनको अवधारणालाई अगाडि बढाउने,

(य) कार्बन सन्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली,पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिक प्रणालीबाट प्राप्त हुनेवातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने।

(र) सामुदायिक बनक्षेत्रमा रहेको खानेपानीको मुहान् ,खानी, सिंचाईगर्ने खोला, वा ताल वा पोखरी आदिको मुहान् ढुंगा, रोडा, बालुबा ,माटो लगायतका प्राकृतिक श्रोत साधनको विक्रिवितरण, उपयोग, उपभोग, श्रोत स्थानीय महासंघ र आठराई गाउँपालिका को समन्वयमा प्रयोग बापतको लाभ प्राप्त गर्ने ।

(ल) गाउँपालिका,वडा कार्यालयहरुले वार्षिक रुपमा सरोकारवाला समितिमा वन तथा वातावरण शिर्षकको रकम बिनियोजन गरी स्थानीय वन महासंघको परामर्स ,अनुगमन मुल्याङ्कनमा सोहि शिर्षकअन्तरगत खर्च गर्ने गराउने ।

## ५.उपभोक्ताहरुको अधिकारः

(१) सामुदायिक बन उपभोक्ता समूहको सदस्यको हैसियतले प्रत्येक घरधुरी मार्फत व्यक्तिगत रूपमा देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन्।

(क) सामुदायिक बनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र बनपैदावारहरू तोकिए बमोजिम

प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समूहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

(घ) सामुदायिक बनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) बन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरुको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(२) उपदफा (१) मा उल्लेखित अधिकारको अतिरिक्त वन उपभोक्ता समूह भित्रका आर्थिक सामाजिक दृष्टिले पछाडि परेका महिला, आदिवासी जनजाति, सिमान्तकृत, दलित समुदायले सामुदायिक वनबाट देहायका थप अधिकारहरु प्राप्त गर्नेछन् ।

(क) कुनै विशिष्ट जाति वा समुदायसंग मात्र सम्बन्धित वा त्यस्तो समुदायको परम्परागत ज्ञान, सीप, पेशा र जीविकोपार्जनको सीपसंग सम्बन्धीत प्राकृतिक श्रोत साधन वा बनपैदवारहरू माथि प्राथमिकता प्राप्त गर्ने,

(ख) सामुदायिक वनको संरक्षण र उपभोग गरि परम्परागत ज्ञान, सीप,पेशा र जीवनशैत्तीको अभ्यास र निरन्तरता दिने,

(ग) परम्परागत औषधी उपचार पद्धति तगायत परम्परागत ज्ञान, सीप लगायतका बौद्धिक सम्पत्तिको संरक्षण र निरन्तरता दिने,

(घ) बनक्षेत्र भित्र प्रचलित कानूनबाट निषेध नगरिएका परम्परागत ज्ञान, सीप, पेशा र जीवनशैलीसंग सम्बन्धीत अभ्यासहरूको निरन्तरता दिने।

(ङ) सामुदायिक बनको संरक्षण र व्यवस्थापनमा स्थानीय आदिवासी जनजातिको परम्परागत अभ्यास र प्रथाजनित कानूनको सम्मान गर्ने।

(३) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रुपमासहभागी हुन नसक्ने टाढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुऱ्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरी सामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरु प्राप्त हुनेछन् ।

(क) सामुदायिक बनवाट बन पैदांवार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) बन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभो गर्न पाउने,

(४) उपदफा (१),(२),(३), (४) को अतिरिक्त स्थानीय परिवेश अनुसार कुनै विशिष्ट अधिकार कुनै विशेष समुदाय, वर्ग वा जातिलाई दिनुपर्ने देखिएमा त्यस्तो अधिकारको सुचि सामुदायिक वनउपभोक्ता समूहको आमभेलाबाट पारित गरि गाउँपालिका समक्ष जानकारी गराउने।

## ६.वनमा आधारित उद्यम विकास

(१) सामुदायिक वनश्रोतको प्रयोग गाउँपालिकाको स्वीकृतिमा सामुदायिक वन उपभोक्ता समूह आफैले वा अन्य साझेदारसँग सम्झौता गरी वा तेस्रो पक्षसंग सम्झौता गरी व्यवसायिक रूपमा संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वनक्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीज़न्य, चिड़ियाखाना, वन्यजन्तुको पालन, लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरु व्यावसायीक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रि बितरण गर्न सक्नेन्।

(३) उपदफा (१) र (२) बमोजिम तेस्रो पक्षलाई सामुदायिक उद्योग संचालन गर्नको लागि अनुमति दिंदा प्रतिस्पर्धात्मक आधारमा समुदायले प्रत्यक्षरुपमा लाभ प्राप्त गर्ने गरी दिनु पर्नेछ। यसरी उद्यम संचालन गर्नको लागि तेस्रोपक्ष छनौट गर्दा समुदाय भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई उच्च प्राथमिकता दिनु पर्नेछ।

## ७. सामुदायिक वनमा उपभोक्ता समूहको उत्तरदायित्वः

( १) यो ऐन तथा अन्य प्रचलीत कानूनको अधिनमा रही सामुदायिक वनश्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने।

(२) यस ऐन, नियमावली र गाउँपालिकाबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि सामुदायिक वन व्यवस्थापन कार्ययोजना बनाउने हुनेछ ।

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्णरुपमा सहभागिता गराउने उपभोक्ता समूहको हुनेछ।

(४) सामुदायिक वनश्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उपभोक्ता समूहको हुनेछ ।

(५) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरूप सामुदायिक वनश्रोतको प्रभावकारी रुपमा व्यवस्थापन भए नभएको सन्दर्भमा गाउँपालिकामा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने।

(६) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वनश्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समूहको साधारण सभा र साधारणसभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने।

(७) दिगो वन व्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने।

(८) सामुदायिक वनक्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्बर्धन प्रणाली (एक्ल्याउने,बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरु हटाउने ) जस्ता कार्यगरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन संबद्धन गर्ने।

## ८. सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः

(१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाट प्राप्त लाभको बाँडफाड देहाय बमोजिम गरिनेछ।

(क) सामुदायिक वनको बन पैदावार बिक्री वितरण तथा बनश्रोतबाट प्राप्त रकम सामुदायिक बन उपभोक्ता समूहको साधारण सभाले तोके बमोजिम बाँडफोड गर्नेछ,

(ख) लाभको बाडफाड गर्दा १० प्रतिशत गाउँपालिकाको कोषमा दाखिला,१० प्रतिसत स्थानीय वन महासंघमा दाखिला र २० प्रतिशत बन संरक्षणमा खर्च गरी बाकी रहेको रकम मध्यवाट ५० प्रतिशत विपन्न वर्ग, उधम विकास र महिला शसक्तिकरण र ५० प्रतिशत सामाजिक र संस्थागत विकासमा खर्च गरिने छ।

## ९.सामुदायिक वनको स्वामीत्व खोस्न नसक्ने:

(१) समुदायले प्राप्त गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वनक्षेत्रको स्वामित्व फिर्ता लिने र वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछैन । तर, देहायको कार्य गरेमा सामुदायिक वन उपभोक्ता समूहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन गाउँपालिकाले आवश्यक निर्देशन दिने र आवश्यक कारबाही गर्न सक्नेछ।

(क) सामुदायिक बन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक बन उपभोक्ता समूहले बन व्यस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा बन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) स्थानीय बन ऐन २०७७ अनुसार कार्य नगरेमा,

(२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समूहको विधान, कार्ययोजना र समुदायको हित बिपरित कुनै काम कारबाही गरेमा वा सामुदायिक वनको आर्थीक हिनामिना गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समूहको विधान, कार्ययोजना र नीति नियम अनुसार कारबाही गर्नेछ।

## १०. स्थानीय समुदायसंग स्वतन्त्र, पूर्व सुसुचित मञ्जुरी लिनु पर्ने

(१) गाउँपालिकाले देहाय बमोजिमका निर्णय लिनु पूर्व सामुदायिक वन उपभोक्ता समूहको मञ्जुरी लिनेछ।

(क) सामुदायिक बनलाई बनको रूपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न,

(ख) सामुदायिक बन उपभोक्ता समूहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा तथा कार्यान्वयन गर्दा वा नीति नियमहरू निर्माण गर्दा,

(२) राष्ट्रिय रूपमा वन अधिकार र प्राकृतिक श्रोत साधनसंग सम्बन्धित नीति, ऐन, कानून तथा कार्यक्रमहरु निर्माण गर्दा त्यस्तो नीति, ऐन, कानून तथा कार्यक्रमहरूले कुनै जाति, वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि/महासन्धि, घोषणा-पत्र, सम्झौता र नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धताहरूमा उल्लेखित व्यवस्थाहरूको अधिनमा रहि गाउँपालिकाले त्यस्तो समुदायको अख्तियार प्राप्त प्रतिनिधिहरुसग अनिवार्य रूपमा स्वतन्त्र ,पूर्व सू-सुचित मञ्जुरी( ँचभभ एचष्यच ष्लायचक ऋयलकभलत) लिईनेछ।

## ११. सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः

(१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्बन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई अनिवार्य रूपमा सहभागि गराईने छ ।

(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरुमा महिला, आदिवासी जनजाति ,दलित, अल्पसंख्यक, मधेशी, सीमान्तकृत समुदायकोसमावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ यसरी प्रतिनिधित्व गराउदा निर्णायक तह (पदाधिकारी) लगायतमा कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराईनेछ।

(३) उपदफा २ बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदासमेत समुदायको गरिब, बिपन्न, दलित वा अल्पसंख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्ने छ।

## १२. सामुदायिक वनलाई प्राथमिकता दिनु पर्नेः

(१) सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागसाई कबुलियती वन लगायत अन्य प्रयोजनको लागि प्रयोग गर्न दिइने छैन।

(२) सामुदायिक वन, प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई गाउँपालिकाले प्राथमिकता प्राप्त क्षेत्रको रूपमा राख्नेछ।

## १३. राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकार

(१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकार प्रदेश सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसंग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउँने छन्।

(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राट्रिय बनक्षेत्रभित्र पर्ने बाटोमा आवत जावत गर्ने,

(ख) पानीको मुहानहरूको निर्वाध रूपमा स्थानिय महासंघ र गाउँपालिकाको समन्वयमा निरन्तर उपभोग गर्ने,

(ग) परम्परागत रूपमा बनपैदावारको श्रोतको रूपमा उपभोग गर्दै आईरहेको बनक्षेत्र भित्रबाट बनको हैसियत नबिग्रने गरी संरक्षण र व्यवस्थापन समेत गरी त्यस्तो बनक्षेत्रबाट वन पैदवार निर्वाधरूपमा उपयोग गर्ने र त्यस्तो वन पैदावारको विक्रि वितरणबाट लाभ प्राप्त गर्ने,

(घ) परम्परागत रूपमा चरिचरण, गर्दै आईरहेको क्षेत्रमा वनको हैसियत नविग्रने गरी चरिचरण रूपमा उपभोग गर्ने,

(ङ) राष्ट्रिय बन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक ,धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(च) राष्ट्रिय बन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावार र स्थानीय समुदायको वालिनालीमा क्षति पुऱ्याएमा त्यस्तो क्षतिको मनासिब माफिकको क्षतिपूर्ति बनमा लागेको आगलागि नियन्त्रण गर्दा वा बन व्यवस्थापन गर्दा दुर्घटना भएमा सम्बन्धित समूह र गाउँपालिकाले उचित राहतको व्यवस्था गरिने छ।

(छ) राष्ट्रिय वनमा कार्वनको संचितिकरण र भण्डारण गरेवापतको लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

(ज) सिमसार क्षेत्र र राष्ट्रिय बनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने (२) उपदफा

(१) को खण्ड (क),(ख), (ग) र (घ) मा उल्लेखित स्थानीय समुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वनपैदावार, चरिचरणका लागि उपभोग गर्दै आईरहेको वनक्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि प्रयोग गर्नु पर्ने देखिएमा गाउँपालिकाले स्थानीय समुदायको पूर्व सुसुचित मञ्जुरी लिई त्यस्तो वनक्षेत्र सार्वजनिक हितको लागि प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बांटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक , धार्मिकस्थल र सम्पदाहरूलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने त्यस्तो सार्वजनिक बाटो वा प्राकृतिक श्रोत साधनको वैकल्पिक व्यवस्था गाउँपालिकाले तत्काल मिलाउने छ। यसरी सार्वजनिक वाटो मर्मत संभार र स्तर उन्नति गर्दा प्राप्त हुने वन पैदावर सम्वन्धित उपभोक्ता समूहको निर्णयअनुसार उपयोग गरिने छ।

(४) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूको उपदफा(२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा

सम्बन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भावनात्मक क्षति समेतमाई मध्यनजर राखी सम्बन्धित समुदायलाई गाउँपालिकाले उचित क्षतिपूर्तिको व्यवस्था गर्नेछ।

## परिच्छेद ३

## दर्ता तथा हस्तान्तरण

### १४. सामुदायिक वन तथा अन्य वन दर्ता तथा हस्तान्तरण

(१) साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कबुलियति वन उपभोक्ता समूहहरू, धार्मिक वनहरु यस ऐन दारा सन्चालन र व्यवस्थापन हुनेछन ।

(२) दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरु, कबुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु दर्ता तथा हस्तान्तरण गरी यसै ऐन द्वारा सन्चालन तथा व्यवस्थापन हुनेछन् ।

## परिच्छेद ४

## सामुदायिक बन सम्बन्धी व्यवस्था

### १५. सामदायिक वन सुम्पने:

(१) उपभोक्ता समूहले कार्ययोजना वमोजिमको सरक्षण सम्बर्द्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मूल्य निर्धारण  गरी विक्री वितरण गर्न पाउने गरी गाउँपालिकाले राष्ट्रिय वनको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाण पत्र दिनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि स्थानीय सरकारले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

### १६. कार्ययोजना संशोधन:

(१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समयानुकुल परिमार्जन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमार्जन वातावरणमा उल्येख्यनीय प्रतिकूल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागू नगर्न निर्देशन दिनेछ। सामुदायिक वन उपभोक्ता समूहले आफ्नो कार्ययोजना गाउँपालिकालाई जानकारी गराएको ३० दिन भित्र कुनै जानकारी नभएमा समूहले स्वत कार्यन्वयन गर्न सक्ने छ।

## १७. उपभोक्ता समूहको दर्ता:

(१) गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित गाउँपालिका समक्ष पेश गर्ने।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(२) हाल वन ऐन २०४९ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरू, कबुलियति वन उपभोक्ता समूहहरू धार्मिक वनहरु । बर्ष भित्र गाउँपालिकामा दर्ता गर्नु पर्नेछ। त्यस्ता समूहलाई गाउँपालिकाले प्राविधिक तथा आर्थिक सहयोग गर्नेछ।

## १८. उपभोक्ता समूह संगठित संस्था रहने:

(१) सामुदायिक वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन् ।

(१) समूहको छुट्टै छाप हुनेछ

(२) समूहको आफ्नो टाँचा हुनेछ

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ यसरी बन्दोबस्त गर्दा वडा कार्यालयको सहमती लिनु पर्नेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर गर्न सक्नेछ।

## १९. प्रतिवेदन दिनुपर्ने

(१) सामुदायिक वन उपभोक्ता समूहहरु, कबुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन प्रत्येक बर्ष आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थितिसमेत खुलाई आफ्नो क्रियाकलापको वार्षिक तथा प्रगति प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ

## २०. उपभोक्ता समुहको कोष:

(१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ । कोषमा देहायका रकम जम्मा हुनेछन् । (क) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारवाट प्राप्त हुने अनुदान रकम

(ख) कुनै व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान साहायता वा दान दातव्य रकम

(ग) वन पैदावार (जैविकविविधता) को विक्रिवितरण बाट प्राप्त रकम

(घ) उद्योग तथा पर्यपर्यटन सन्चालनवाट प्राप्त रकम

(ङ) जरिवानाबाट प्राप्त रकम

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम

(२) उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट

गरिनेछ।कोष संचालन तोकिए बमोजिम हुने

## परिच्छेद-५

## बन अधिकार संरक्षण सम्बन्धी व्यवस्था

### २१, गाउँ वन परिषद्को गठनः

(१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिनको लागि स्थानीय स्तरमा एक वन परिषद गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन्।

(क) स्थानीय सरकार प्रमुख -अध्यक्ष

(ख) बन तथा वातावरण समितिको प्रतिनिधि - सदस्य १ जना

(ग) गाउँसभाको प्रतिनिधि- सदस्य २जना १ महिला अनिवार्य

(घ) सामुदायिक बन उपभोक्ता पालिकामहासंघ (अध्यक्ष सहित १ महिला पर्ने गरी) प्रतिनिधि -सदस्य ३ जना

(ङ) आदिवासी जनजाति महासंघको प्रतिनिधि- सदस्य १ जना

(च) दलित अधिकारको क्षेत्रमा काम गर्ने - सदस्य १ जना

(छ) पारिवारिक निजी वनको प्रतिनिधि-सदस्य १ जना

(ज)वन व्यावसायिक संस्थाका प्रतिनिधि - सदस्य १ जना

(झ) बन अधिकार, वातावरण संरक्षण र बन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट स्थानीय सरकारले मनोनीत गरेको न्यूनतम -२ महिला सहित प्रतिनिधि सदस्य-५ जना

(ज) प्रमुख प्रशासकीय अधिकृतले तोकेको वा बन बातावरण शाखाको प्रमुख - सदस्य सचिव

(ट) तर, स्थानीय सरकारले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ। दफा (३। उपदफा (२) बमोजिम गठन हुने बन परिषदमा महिलाको सहभागिता न्यूनतम ५० प्रतिशत अनिवार्य गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तिन वर्षको हुने र निजहरु अर्को एक अवधिको लागि पूनः मनोनीत हुन सक्नेछन्।

(४) दफा २१ (झ) बमोजिमको सदस्य सचिवको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

### २२. परिषदको काम कर्तव्य र अधिकारः

(१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलान, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय आदिवासी जनजाति, महिला, दलित तथा उक्त बनक्षेत्रबाट आश्रित एवं लाभान्वित बनदेखि टाढाका समुदायको वनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकारसहितको वनसम्बन्धी अधिकार सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने।

(ख) बन र बनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, बन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय आदिवासी जनजाति, महिला, दलित तथा उक्त बनक्षेत्रबाट आश्रित एवं लाभान्वित बनदेखि टाढाका समुदायको बनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको वाडफाड समेतमा अग्राधिकार सहितको बनसम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरू प्रचार प्रसार गर्ने गराउने।

(ग) बनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको बनसम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, अनुसन्धान गर्ने, भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा गाउँपालिकालाई सुझाव दिने र वनसम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने

(घ) स्थानीय समुदाय आदिवासी, जनजाति, महिला दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित बनदेखि टाढाका समुदायको बनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न स्थानीय सरकारलाई सुझाब दिने।

(ङ) स्थानीय समुदाय आदिवासी जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको बनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व लाभकोबाँडफाड समेतमा अग्राधिकार सहितको बनसम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(च) परम्परागतरुपमा संरक्षण,सम्बर्द्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको बन प्रयोगको अधिकारलाई राजनीतिक सिमाले बन्देज नगर्ने व्यवस्था सम्बन्धित स्थानीय तहको समन्वयमा गाउँपालिकाले मिलाउने छ ।

(छ) सामुदायिक बनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोपलाई सर्वसुलभ बनाउनका लागि डिपो स्थापना गर्ने ।

(ज) अन्तर स्थानीय सरकारकार बीच बन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने।

(झ) समुदायद्धारा संचालित कार्यक्रमहरु अनुगमन निरिक्षण तथा पृष्ठपोषण गर्ने

(ञ) समुदायको आन्तरिक सुसासनको लागि आवस्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने

(ट) जैविक विविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने

## २३. परिषदको बैठक सम्बन्धी कार्यविधिः

(१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ।

(२) परिषदको सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषदको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) परिषद्को निर्णय परिषद्को अध्यक्षद्वारा प्रमाणित गरिनेछ।

(५) परिषदको बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## २४. जाँचबुझ र निरीक्षण गर्न सक्ने:

(१) कुनै व्यक्ति, बन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, नीजि वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन बिपरित हुनेगरी समुदायको बन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कामकारवाही भईरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा बनअधिकार संरक्षण परिषद आफै वा परिषदले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नको लागि परिषदले गाउँपालिकालाई सिफारिस गर्न सक्नेछ,

# परिच्छेद-६

# कसूर र सजाय सम्बन्धी व्यवस्था

## २५. बन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने:

(१) कुनै व्यक्ति, बन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समूहको बन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुदैन। तर, आम सार्वजनिक हितको लागि यस ऐनको दफा १० बमोजिम बन उपभोक्ता समूह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सू-सुचित मजुरी (ँचभभ एचष्यच क्ष्लायचmयलकभत) लिई नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई बन अधिकारको प्रतिकूल मानिने छैन।

## २६. दण्ड सजाय:

देहायको काम कारबाही गर्ने गराउनेलाई कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः

(१) दफा ४ को उपदफा ( १) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चीत गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा विगो बमोजिम र नखुलेकोमा अवस्था हैरेर तोकिए बमोजिम जरिवाना हुनेछ।

(२) दफा ४ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई दिगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(३) दफा ४ को उपदफा (३), (४) र (५) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए बमोजिम जरिवाना हुनेछ,

(४) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्यरुपमा स्वतन्त्र, पूर्व सू सुचित मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएबाट त्यस्तो बन उपभोक्ता समूहलाई पर्न गएको क्षतिको बिचार गरी उचित क्षतिपूर्तिको व्यवस्था मिलाइनेछ ।

## २७. मुद्दा हेर्ने अधिकारः

(१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मार्का पर्ने पक्षले गाउँपालिकाको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ।

(३) उपदफा (१) बमोजिम गाउँपालिककाको न्यायीक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको मितिले पैतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## २८. क्षतिपूर्ति भराउन सक्नेः

(१) यस ऐनको विपरीत हुने गरी बन अधिकारवाला समुदाय वा व्यक्तिको बन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणवाट कुनै वन अधिकारवाला समुदाय वा व्यक्तिको बन सम्बन्धी अधिकारको हनन भएकै कारण कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाउँ भनी उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति को निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन भएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ।

परिच्छेद - ७

पारिपारिक निजी वन सम्बन्धी व्यवस्था

## २९. पारिवारिक निजी वन दर्ता:

(१) पारिवारिक निजी वनको संरक्षण सम्बन्धित उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मूल्य निर्धारण गर्ने गरी विक्री बितरण गर्न पाउने गरी गाउँपालिकाले दर्ता प्रमाण पत्र दिनेछ।

(२) पारिवारिक निजी वनलाई गाउँपालिकाले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

(३) पारिवारिक निजी वन दर्ता भएको जानकारी प्राप्त भएको १५ दिन भित्र गाउँपालिकाले सो को जानकारी दिनेछ ।

(४) पारिवारिक निजी वनका किसानहरुले गाउँपालिकाले तोकेको निवेदन सहित

विवरण गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(५) पारिवारिक निजी वनको दर्ता स्थानीय तहको सवै भन्दा तल्लो अर्थात वडामा दर्ता गरिनेछ ।

(६) दर्ता भएका पारिवारिक निजी वनहरु धितो राखेर बैंकबाट ऋण लिन सक्ने व्यवस्था गरिनेछ।

(७) पारिवारिक निजी वन भित्रको काठ कटानी र ओसार पसार स्थानीय सरकारवाट अनुमती लिएर नेपाल भित्रका कुनै पनि भागमा लगेर विक्रि वितरण गर्न सक्नेछ।

(८) पारिवारिक निजी वन किसानहरुलाई कृषि वन लगाउन थप प्रोत्साहन गरिनेछ

(९) पाविरिक निजी वनका किसानहरुले वनमा आधारित उद्योगहरु स्थापना गर्न चाहेमा स्थानीय सरकारले अनुमती दिनेछ।

(१०) पारिवारिक निजी वन दैविक प्रकोप भएर नष्ट भएमा क्षेती पूर्तीका लागि सहु लियत विमामा समन्वयको व्यवस्था गरिनेछ।

(११) परिक्षण गरिएका विरुवाहरु र छिटो छरितो हुने विरुवाहरु वृक्षा रोपण गर्न प्रोत्साहन गरीनेछ ।

परिच्छेद -८

विविध

## ३०. स्थानीय सरकारवाट अनुमति लिनु पर्ने:

(१) स्थानीय तहको अनुमति लिई उपभोक्ता समूहले स्थानीय सामुदायिक बनक्षेत्रमा सामुदायिक चिडियाखाना, बन्यजन्तुको व्यावसायीक पालन, समुदायको पहुंच भन्दा टाढा रहेको वन ,सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता बनमा आधारित उघम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादित बस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ।

(२) वनपैदावारजन्य उद्योगबाट उत्पादित वनपैदावारको निकासी पैठारी वन उपभोक्ता समूहले तोकेको व्यक्तिले गर्न सक्नेछ। त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा गाउँपालिकालाई दिनु पर्नेछ ।

(३) सामुदायिक वन समूहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी मार्फत स:मिलका साथै वन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन  गर्न सक्नेछन्।

(४) स्थानीय सरकारले पारिवारिक निजी वन दर्ता, संरक्षण, सम्बर्दन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ।

## ३१. अधिकार प्रत्यायोजनः

स्थानीय सरकारको प्रमुख वा परिषदको अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम गाउँपालिकाले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ।

## ३२, असल नियतले गरेको कामको बचाउः

बन उपभोक्ता समिति, क्षतिपूर्ति समिति वा स्थानीय सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

## ३३. नियम बनाउन सक्नेः

यस ऐनको उद्देश्य पूर्तिको लागि स्थानीय सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

<u>अनुसुची-१</u>

उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदन

श्री प्रमूखज्यू...

गाउँपालिकाको कार्यालय, आठराई सक्रान्तिवजार

स्थानीय वन ऐन २०७७ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सो को विधान संलग्न गरी पेश गरेका छौ । उपभोक्ता समूहको दर्ता गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं ।

निवेदक

उपभोक्ता समूहको तर्फबाट

| क.स. | नाम | पद | दस्तखत |
| --- | --- | --- | --- |

<u>अनुसूची २</u>

<u>उपभोक्ता समूह दर्ताको प्रमाण पत्र</u>

दर्ता नं.

श्री.......................................... उपभोक्ता समूह

यस आठराई गाउँपालिकाको मिति................. को निर्णय अनुसार आठराई गाउँपालिका बन सम्बन्धि ऐनले दिएको अधिकार प्रयोग गरी  यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ।

उपभोक्ता समूहको विवरण

उपभोक्ता समूहको क्षेफलः

घरधुरी संख्याः

कुल जनसंख्याः

प्रमाण पत्र दिने अधिकारी :

नामः

दर्ताः

दस्तखतः

मितिः

<u>अनुसूची ३</u>

सामुदायिक बन दर्ताको लागि दिइने निबेदन

श्रीमान् अध्यक्ष ज्यू,
आठराई गाउँपालिकाको कार्यालय

आठराई गाउँपालिका बन सम्बन्धि ऐनले २०७७ को अधिनमा रही संलग्न बन कार्ययोजना अनुसार सामुदायिक बनको रुपमा संरक्षण सम्बर्दन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौ ।
सामुदायिक बनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगानाः

चार किल्ला, क्षेत्रफल, जैविक विविधताः

निवेदक

...............................................सामुदायिक बनउपभोक्ता समूहको तर्फबाट

| क.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|

## अनुसूची ४

सामुदायिक बन दर्ताका प्रमाण पत्र

श्री........................................उपभोक्ता समूह

आठराई गाउँपालिका बन सम्बन्धि ऐन, २०७७ को अधिनमा रही देहायको राष्ट्रिय वन क्षेत्र यसैसाथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग र सामुदायिक बनको रुपमा सुम्पिएको छ ।

नामः

चारकिल्लाः

क्षेत्रफलः

प्रमाणपत्र दिने अधिकारी

नाम, थरः

दस्तखतः

मितिः

<u>अनुसूची ५</u>

वन पैदावारको मूल्य निर्धारण

काठको जात................

ठुटा............

दाउरा...............

<u>अनुसूची ६</u>

जडिबुटिको  नाम र दस्तुर...........

जरा जाती..........

फुल र भुवा जाती.........

गमरेजिन लोहवान जाती..........

अन्य जडीबुटी.............

**आज्ञाले**
महेन्द्र बहादुर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत